"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लि. को प्रतिबद्धता"

# नेपाल आयल निगम लिमिटेड

(नेपाल सरकारको स्वामित्व प्राप्त)

(योजना, प्रशासन तथा मानव संशाधन विकास विभाग)

पत्र संख्या : २०७४/०७५-प.पू.१६६१

मिति : २०७४।८।११

**सम्पर्क राख्न आउने बारे ।**
**(सूचना नं. ६/२०७४-७५)**

निगमको सूचना नं. ५/०७२-७३ अनुसार विज्ञापन भएका विभिन्न पदहरूमा लिखित परीक्षा एवं अन्तर्वार्ता समेतबाट सफल भई पदपूर्ति समितिको निर्णयानुसार स्थायी नियुक्तिकालागि सिफारिस भई मिति २०७३।११।०६ को गोरखापत्र दैनिकमा नियुक्ति लिन प्रकाशित सूचना नं. २२/२०७३-७४ बमोजिमका उम्मदेवारहरूमध्ये विज्ञापन नं. ३३/०७२-७३ (खुला), सेवा प्राविधिक, समूह इञ्जिनियरिङ्ग, पद उप-प्रबन्धक (मेकानिकल), तह-७ मा सिफारिस भई कार्यरत श्री कृष्णकुमार यादवले दिनु भएको राजिनामा स्वीकृत भईसकेको हुँदा नियमानुसार बैकल्पिकतर्फ योग्यताक्रम नं. १ को सूचीमा रहनुभएका श्री उमेश शर्मालाई नियुक्ति दिने प्रक्रियामा रहेको अवस्थामा निज शर्माले आफू यस पदमा नियुक्ति लिन असमर्थ भएको व्यहोरा जनाउँदै मिति २०७४।७।२८ मा केन्द्रिय कार्यालय बबरमहलमा निवेदन दर्ता गराउनु भएको हुँदा पदपूर्ति समितिको मिति २०७४।७।२८ को निर्णय तथा सिफारिसको आधारमा निगम संचालक समितिको मिति २०७४।८।१० गतेको निर्णय बमोजिम निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ को परिच्छेद ४ को विनियम ४.२० (२) मा व्यवस्था भएअनुसार उल्लेखित पदमा **दोस्रो योग्यताक्रममा रहनुभएका श्री सविन सापकोटालाई नियुक्तीको लागि स्वीकृत गरिएको** व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अतः उक्त उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्रमा निरोगिताको प्रमाणपत्र सहित निगमको योजना, प्रशासन तथा मानव संशाधन विकास विभाग, केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौंमा नियुक्तिको लागि सम्पर्क राख्नुहुन समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

पदपूर्ति समिति
ने.आ.नि.लि., बबरमहल

केन्द्रीय कार्यालय : बबरमहल, काठमाडौं, पोष्ट बक्स नं. ११४०, फोन नं : ४२६२७८०, ४२६३४८१, ४२६३४८२, ४२६३४८५, ४२६४६००
फ्याक्स : (९७७-१) ४२६३४९९, ४२६२६४५, E-mail: info@nepaloil.com.np, Url : www.nepaloil.com.np